# सहयोग जुट्ने क्रम जारी

## प्रदेश प्रमुखद्वारा एक महिनाको तलब दिने घोषणा

**मधेश प्रदेश ब्युरो**
*जनकपुरधाम, भदौ १५ गते*

रसुवाको भोटेकोशीसहित देशका विभिन्न स्थानमा आएको बाढीपहिरोसहित प्राकृतिक विपत्तिका कारण धेरै जनधनको क्षति भएपछि राहत तथा उद्धारका लागि मधेश प्रदेशको विभिन्न जिल्लाबाट सहयोग जुट्ने क्रम जारी छ।

मधेश प्रदेशका उच्च पदाअधिकारी, विभिन्न उद्योगी, समाजसेवी र विभिन्न सङ्घ संस्थाले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष र सरकारले तोकेका राहत उद्धार कोषमा स्वस्फूर्त रूपमा सहयोग गरिरहेका छन् भने कतिपय सङ्घ संस्थाले स्थानीय प्रशासनसँगको समन्वयमा समिति नै गठन गरी सहयोग उठाइरहेका छन्।



मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्ण।

**जनकपुरधाम समाचारदाता**का अनुसार मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आफ्नो एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा प्रदान गर्ने घोषणा गर्नुभएको छ। प्रदेश प्रमुख कार्यालय, मधेश प्रदेशका प्रवक्ता सञ्जीपकुमार दुब्वेद्वारा सोमबार जारी गरिएको विज्ञप्तिमा एक महिनाको पारिश्रमिक कोषमा प्रदान गर्ने उल्लेख गरिएको छ।

धनौजी गाउँपालिकाले १५ लाख १५ हजार ५१५ रुपियाँ उपलब्ध गराउने निर्णय गरेको छ। गाउँपालिकाको सोमबार बसेको बैठकले यो निर्णय गरेको हो। जनप्रतिनिधि तथा कर्मचारीबाट आठ लाख १५ हजार ५१५ रुपियाँ जुटाउने निर्णय गरेको प्रशासन प्रमुख राजकुमार दासले जानकारी दिनुभयो।

उत्सवको अवसरमा कोषमा रकम

**गौशाला समाचारदाता**का अनुसार महोत्तरीका व्यवसायी शम्भुनाथ झाले आफ्नो जन्मदिनको अवसरमा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ११ लाख एक रुपियाँ सहयोग गर्नुभएको छ। आफ्नो जन्मदिनमा हुने खर्च तथा उत्सवलाई प्रभावित परिवारको राहतमा योगदान गर्ने उद्देश्यले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा रकम जम्मा गरेको झाले बताउनुभयो। बर्दीबासका सामाजिक अभियन्ता तथा योगगुरु सुमित्रा भट्टराईले ५१ हजार सहयोग गर्नुभएको छ। उहाँले विपत्का बेला पीडितप्रतिको साथ, सहानुभूति र मानवीय भावना महत्त्वपूर्ण हुने बताउनुभयो।

बर्दीबास उद्योग वाणिज्य सङ्घको सहकार्यमा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा श्री कृष्णचन्द्र ट्रेडर्सका सञ्चालक पोषण थापाले ५१ हजार सहयोग गर्नुभएको छ। बर्दीबास–१ की ७५ वर्षीय देवकुमारी पौडेलले आफ्नो ज्येष्ठ नागरिक बचत खाताबाट २० हजार रुपियाँ कोषमा जम्मा गर्नुभएको छ।

महोत्तरीको जलेश्वर कारागारमा रहेका ४५५ जना कैदीबन्दीले एक लाख एक हजार १०५ रुपियाँ कोषमा जम्मा गरेका छन्। कारागार प्रमुख अशोककुमार क्षेत्रीले कारागारभित्र रहे पनि देशमा परेको विपत् र त्यसबाट प्रभावित नागरिकप्रति मानवीय संवेदना प्रकट गर्दै सहयोग जुटाइएको बताउनुभयो।

### साह सेवा सदनको सहयोग

**राजविराज समाचारदाता**का अनुसार साह (तेली) सेवा सदन, राजविराजले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ११ हजार रुपियाँ सहयोग गरेको छ। रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीपहिरोबाट प्रभावित नागरिकको उद्धार तथा राहत कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले सदनले उक्त रकम कोषमा जम्मा गरेको हो। साह सेवा सदनका अध्यक्ष योगेन्द्रप्रसाद साहले सोमबार उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गरिएको जानकारी दिनुभयो।

# सप्तरीका १८ जनाको उद्धार, ११ जना सम्पर्कमा

५१ जना अझै सम्पर्कविहीन रहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ। सम्पर्कविहीनमध्ये दुई जना भारतीय नागरिकसमेत छन्।

**राजविराज समाचारदाता**
*राजविराज, भदौ १५ गते*

रोजगारी, शिक्षालगायत विभिन्न कामका लागि रसुवा र नुवाकोट पुगेका सप्तरीका ५१ जना अझै सम्पर्कविहीन रहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ। सम्पर्कविहीनमध्ये दुई जना भारतीय नागरिकसमेत छन्।

बाढीको कहालीलाग्दो घटनामा सप्तरीको खडक नगरपालिका–५, रञ्जितपुरका सन्तोष चौधरी फेला पर्नुभएको छ। नुवाकोटमा हाइड्रोपावरमा कामदारका रूपमा कार्यरत चौधरीको शव कास्कीस्थित गण्डकी अस्पताल, पोखरामा फेला परेको थियो। शव पहिचानपछि परिवारले आइतबार बुझेर लगेका छन्।

जिल्ला प्रशासन कार्यालय सप्तरीका सूचना अधिकारी तथा सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवका अनुसार बाढीपछि सम्पर्कविहीन भएका सप्तरीका १८ जनाको उद्धार गरिएको छ। उद्धार गरिएकामा पाँच वर्षीय सम्पदा चौधरी, ३४ वर्षीय पुनम चौधरी र २८ वर्षीय रूबी यादव हुनुहुन्छ।

बाढीपछि सम्पर्कविहीन हुनेमा महिला र बालबालिकाको सङ्ख्या उल्लेख्य छ। खडक नगरपालिका–७ की २० वर्षीय सुनिता राम नुवाकोटको त्रिशूली बजारमा काम गर्दै आउनुभएको थियो। उहाँसँगै उहाँका चार वर्षीय छोरा दिवान्स रामसमेत सम्पर्कविहीन हुनुहुन्छ। आमा र सानो बालकको अवस्था अज्ञात हुँदा परिवारमा चिन्ता र बेचैनी बढेको छ।

रसुवामा रहेका सप्तरीका केही महिला तथा बालबालिका परिवारको सम्पर्कमा आएका छन्। बलान बिहुल गाउँपालिका–६, सेहराकी २८ वर्षीय सरिता यादव रसुवा सदरमुकामस्थित विद्यालयमा शिक्षण पेसामा आबद्ध हुनुहुन्छ। उहाँकी आठ वर्षीय छोरी इभिन्जलीना यादव पनि अभिभावकसँगै रसुवा सदरमुकाममा बस्दै आउनुभएको थियो। दुवै जना अहिले सम्पर्कमा रहेको सहायक प्रजिअ यादवले जनाउनुभयो। राजविराज नगरपालिका–५ की सोना बाटा पनि रसुवामा स्वास्थ्यकर्मीका रूपमा कार्यरत रहनुभएको र हाल परिवारको सम्पर्कमा रहेको उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय सप्तरीका अनुसार रसुवा बाढीपछि जिल्लाबाट सम्पर्कविहीन भएका ५१ जनामध्ये १८ जनाको उद्धार भएको, ११ जना परिवारको सम्पर्कमा आएको र एक जनाको शव फेला परेको छ। बाँकी व्यक्तिको अवस्था अझै अज्ञात छ।

# सर्लाहीको बरहथवा ‘साक्षर नगरपालिका’



तस्बिर : जनार्जन खत्री

साक्षर नगर घोषणा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बरहथवाकी नगरप्रमुख कल्पनाकुमारी कटुवाल।

**सर्लाही समाचारदाता**
*सर्लाही, भदौ १५ गते*

सर्लाहीको बरहथवा नगरपालिकालाई सोमबार ‘साक्षर नगर’ घोषणा गरिएको छ। पालिकाभित्रका ९६.९६ प्रतिशत नागरिक सामान्य लेखपढ गर्न सक्ने भएसँगै बरहथवालाई जिल्लाको तेस्रो साक्षर नगरपालिका घोषणा गरिएको हो। बरहथवा नगरपालिकाको शिक्षा शाखाका प्रमुख अनिल साहका अनुसार नगरका १८ वटा वडामा १५ वर्षदेखि ६० वर्ष उमेर समूहका ३६ हजार ८२५ जनामध्ये ३५ हजार ८०४ जना साक्षर भएका छन्।

सम्बन्धित पालिकामा बसोबास गर्ने १५ वर्षदेखि ६० वर्ष उमेर समूहका न्यूनतम ९५ प्रतिशत नागरिक सामान्य लेखपढ गर्न सक्ने भएपछि साक्षर नगरपालिका घोषणा गर्न सकिने मापदण्ड छ। सोही मापदण्डलाई टेकेर साक्षर नगरपालिका घोषणा गरिएको हो। बरहथवाकी नगरप्रमुख कल्पनाकुमारी कटुवालले आगामी दिनमा पनि साक्षरता अभियान, आजीवन सिकाइ, डिजिटल साक्षरता र जीवनोपयोगी सिप विकासमा जोड दिइने उल्लेख गर्नुभएको छ।

साक्षर नगर घोषणा समारोहमा बरहथवा नगरपालिका कार्यालयले अभियानमा सहयोग गर्ने सङ्घ संस्था, व्यक्ति, अभियन्ता, कर्मचारीलगायतलाई सम्मान गरेको छ। सर्लाहीमा यसअघि मलङ्गवा नगरपालिका २०८० फागुन २९ गते जिल्लाकै पहिलो र हरिवन नगरपालिका २०८३ असार २७ गते जिल्लाको दोस्रो साक्षर नगरपालिका घोषणा भएका थिए।

# नवजात शिशुसहित महिला पक्राउ

**पर्सा समाचारदाता**
*पर्सा, भदौ १५ गते*

पर्साको वीरगन्जमा एकदिने नवजात शिशुसहित एक जना महिलालाई प्रहरीले पक्राउ गरेको छ। नारायणी अस्पतालमा शनिबार राति ११ बजे सर्लाही रामनगर गाउँपालिका निवासी रिन्कुदेवीले एकदिने नवजात शिशु छोराको जन्म दिएपछि अपरिचित एक महिलाले बच्चा खेलाउने बहानामा बेपत्ता भएकी थिइन्।

घटनाबारे प्रहरीलाई जानकारी भएपछि जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एवं प्रहरी उपरीक्षक पवनकुमार भट्टराई नेतृत्वको टोलीले १६ घण्टापछि एकदिने नवजात शिशुसहित ती महिलालाई पक्राउ गरेको छ। वीरगन्ज महानगरपालिका–१६ इनर्वाकी सबिना खातुन पक्राउ परेको प्रहरी उपरीक्षक भट्टराईले जानकारी दिनुभयो। नवजात शिशुका हजुरआमा सान्झा देवीका अनुसार आफूलाई अस्पतालको सरसफाइका कर्मचारी बताउने ती महिलाले बच्चा खेलाउँदै लगेकी थिइन्।

# बाढीपीडितको उद्धारमा स्वयंसेवक परिचालन गरिने

**बर्दीबास समाचारदाता**
*बर्दीबास, भदौ १५ गते*

नेकपा (एमाले) मधेश प्रदेशले बाढी तथा जलप्रलयबाट प्रभावित रसुवा, नुवाकोट, धादिङ, तनहुँ, गोरखा र चितवनलगायतका क्षेत्रमा उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउन दुई सय जना स्वयंसेवक परिचालन गर्ने निर्णय गरेको छ।

एमाले मधेश प्रदेश सचिवालयको आइतबार बसेको बैठकले मधेश प्रदेशका आठ वटै जिल्लाबाट २५ जनाका दरले स्वयंसेवक खटाउने निर्णय गरेको हो। जलप्रलयबाट मानवीय तथा भौतिक क्षति बेहोरेका परिवारलाई सेवा तथा सहयोग पुऱ्याउने उद्देश्यले स्वयंसेवक परिचालन गर्न लागिएको एमाले मधेश प्रदेशले जनाएको छ।

बैठकपछि आयोजित पत्रकार सम्मेलनमा प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठले बाढीका कारण विभिन्न जिल्लामा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै घाइतेको उपचार, राहत तथा पुनर्स्थापनाका लागि पार्टीले स्वयंसेवक परिचालनसँगै आवश्यक अन्य सहयोग जुटाउने तयारी गरेको जानकारी दिनुभयो। बैठकले बाढी प्रभावितको सहयोगका लागि केन्द्रीय दैवीप्रकोप उद्धार कोषमा एक लाख ५० हजार रुपियाँ उपलब्ध गराउने निर्णयसमेत गरेको छ। एमाले मधेश प्रदेशका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा बसेको विशेष बैठकले प्रदेशमा पार्टी गतिविधिको समीक्षा गर्दै ‘मिसन पार्टी जागरण अभियान’ लाई प्रभावकारी बनाउने निर्णयसमेत गरेको छ। अभियान अन्तर्गत आगामी भदौ २१ गते बर्दीबासमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने तय गरिएको छ। बैठकले पार्टीको भावी रणनीति तथा मुलुकका समसामयिक विषय समेटेर आठबुँदे विशेष प्रस्तावसमेत पारित गरेको छ। प्रस्तावमा किसानका समस्या समाधान, एलपीजी ग्यासलगायत उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न तथा बढ्दो महँगी नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराइएको छ।

# जीर्ण बोरिङ पुनः सञ्चालन गरिँदै

**जनकपुरधाम समाचारदाता**
*जनकपुरधाम, भदौ १५ गते*

धनुषाको मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाले लामो समयदेखि जीर्ण तथा प्रयोगविहीन अवस्थामा रहेका बोरिङ पुनः सञ्चालनमा ल्याउन थालेको छ।

किसानको खेतसम्म सिँचाइ सुविधा पुऱ्याएर कृषि उत्पादन बढाउने उद्देश्यले पालिकाले बोरिङ मर्मत तथा पुनः सञ्चालन अभियानलाई तीव्रता दिएको हो। कृषि क्षेत्रलाई प्राथमिकतामा राखेको पालिकाले सिँचाइको अभावमा खेती गर्न समस्या भोगिरहेका किसानलाई लक्षित गरी पुराना बोरिङ मर्मत गरी सञ्चालनमा ल्याउने काम अघि बढाएको उक्त गाउँपालिका अध्यक्ष जयकुमार यादवले बताउनुभयो। उहाँका अनुसार किसानको खेतमा पानी पुऱ्याउनु र कृषि उत्पादन बढाउनु पालिकाको प्राथमिकतामा रहेको छ।

उहाँले भन्नुभयो, “राति राति पनि जनताको सेवामा खटिरहेका छौँ। पालिकामा लामो समयदेखि जीर्ण अवस्थामा रहेका बोरिङ किसानको सिँचाइका लागि पुनः सञ्चालनमा ल्याउँदै छौँ। किसानको खेतमा पानी पुऱ्याउनु र कृषि उत्पादन बढाउनु नै हाम्रो प्राथमिकता हो।” उहाँले कृषि क्षेत्रमा उत्पादन वृद्धि गर्ने उद्देश्यले सिँचाइ व्यवस्थालाई प्रभावकारी बनाउने काम भइरहेको बताउनुभयो। आगामी करिब सात दिनभित्र अधिकांश स्थानमा कृषि विद्युतीकरण तथा सिँचाइसम्बन्धी काम सम्पन्न गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिनुभयो।

अध्यक्ष यादवले भन्नुभयो, “हालै बन्द अवस्थामा रहेका आठ वटा डिप बोरिङ पुनः सञ्चालनमा ल्याउने प्रयास गरिरहेका छौँ। बोरिङ सञ्चालनसँगै किसानको खेतसम्म नियमित सिँचाइ सुविधा पुऱ्याउन विद्युत् आपूर्ति प्रभावकारी बनाउन कृषि विद्युतीकरणलाई समेत प्राथमिकता दिइएको छ।”

अध्यक्ष यादवका अनुसार पालिका क्षेत्रका विभिन्न स्थानमा करिब ४५० वटा डिप बोरिङ र एक हजार वटा स्यालो ट्युबेल जडान गरिएको छ। सिँचाइका लागि आवश्यक विद्युत् आपूर्ति व्यवस्थापन गर्न १९ वटा ट्रान्सफर्मरमध्ये १४ वटा जडान भइसकेका छन् भने बाँकी जडानको काम भइरहेको छ।

पालिकाले कृषि क्षेत्रलाई लक्षित गरी करिब २० किलोमिटर कृषि सडकसमेत निर्माण गरेको जनाएको छ। हाल करिब ८० प्रतिशत किसानको खेतमा सिँचाइ सुविधा पुगेको र बाँकी २० प्रतिशत क्षेत्रमा समेत छिट्टै सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको अध्यक्ष यादवले बताउनुभयो।


**चौतारा साँगाचोकगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**पहिलो पटक सूचना प्रकाशित मिति : २०८३/०५/१६ गते**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क मा भएको व्यवस्था, यस नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ (संशोधित सहित), स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन, बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०८३ को दफा ९(१) र सोसँग सम्बन्धित अनुसूची–५, बागमती प्रदेश सरकारको नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधिमा भएको व्यवस्था र यस चौतारा साँगाचोकगढी नगरपालिकाको मिति २०८३/०४/१८ गतेको राजस्व परामर्श समितिको बैठक र २०८३/०४/२१ गतेको कार्यपालिकाको निर्णयानुसार आ.व. २०८३/०८४ को आन्तरिक आय असुल सम्बन्धी कार्य देहाय बमोजिम उल्लिखित ठेक्काद्वारा गराउनका लागि यो सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र अर्थात् २०८३/०६/०६ गते दिनको १२:०० भित्र कानूनी प्रक्रिया पूरा गरेको इच्छुक फर्महरूले Hard Copy द्वारा बोलपत्र पेश गर्नुपर्नेछ। अन्य थप जानकारीका लागि कार्यालय समयभित्र चौतारा साँगाचोकगढी नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ साथै उक्त सूचना चौतारा साँगाचोकगढी नगरपालिकाको वेबसाइट chautaramun.gov.np मा पनि राखिएको छ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | आ.व. २०८३/०८४ का लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल रोडा उत्खनन तथा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) बिक्री परिमाण (घन फिटमा) | आ.व. २०८३/०८४ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन सङ्कलन समेत बिक्री मूल्य रु. | ढुङ्गा, गिट्टी वालुवा स्लेट ग्राभेल रोडा उत्खनन तथा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) सङ्कलन तथा बिक्री शुल्क बापत हुने कुल न्यूनतम अङ्क (कर तथा भ्याट बाहेक) | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/२०८३/०८४ | इन्द्रावती नदीको वनदेऊको ५९ कि.मि. देखि झ्याडी खोला सम्मको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा उत्खनन तथा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | १,८६,१४,३०५.०७ (एक करोड छयासी लाख चौध हजार तीन सय पाँच दशमलव सात घन फिट) | ७।– (सात) | १३,०३,००,१३५।४९ (तेह्र करोड तीन लाख एक सय पैंतीस रुपैयाँ उनान्चास पैसा मात्र) | १०,०००।– (दश हजार) |
| २/२०८३/०८४ | सुनकोशी नदीको साँगा चोकको सिम्लेदेखि बलेफी सम्मको क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल रोडा उत्खनन तथा बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | ९६,७३,२७८.३६ (छयानब्बे लाख त्रिहत्तर हजार दुई सय अठहत्तर दशमलव छत्तीस घन फिट) | ७।– (सात) | ६,७७,१२,९४८।५१ (छ करोड सतहत्तर लाख बाह्र हजार नौ सय अठ्चालीस रुपैयाँ एकाउन्न पैसा) | ५,०००।– (पाँच हजार) |

**प्रमुख प्रशासकीय अधिकृत**



धुम्रपान स्वास्थ्यका लागि हानिकारक छ।



**कोषको सुन्धारास्थित भवन (काठमाडौँ मल) का साबिक भाडावालाहरूलाई बक्यौता भाडा तिर्न आउनका लागि जारी सूचना।**

**(गोरखापत्रमा प्रकाशित मिति :– २०८३/०५/१६)**

कोषको सुन्धारास्थित भवन (काठमाडौँ मल) को देहाय बमोजिमका साबिक भाडावालाहरूले कोषलाई तिर्नुपर्ने बक्यौता भाडा रकम यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र तिर्नुहुन जानकारी गराइन्छ। अन्यथा प्रचलित कानून बमोजिम बक्यौता भाडा असुलीको प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सूचित गरिन्छ :

| क्र.सं. | पसल नं | पसलको नाम | भाडावाला/प्रतिनिधि | बक्यौता रकम |
|---|---|---|---|---|
| १ | ४०४ | अमिरा कियर वल्ड प्रा.लि. | अमिता तामाङ | १,२७,८५२/९९ |
| २ | ४०८ | लक्ष्मी ब्युटी पार्लर एण्ड ट्रेनिङ्ग सेन्टर | कुम्म कुमारी मल्ल | २०,८६,००७/१९ |
| ३ | होर्डिङ बोर्ड | अहा आइडिया एण्ड ट्रेड सोलुसन | हनि शाह | २४,१८०/९६ |

**कर्मचारी सञ्चय कोष**
**सम्पत्ति व्यवस्थापन विभाग**
**पुल्चोक, ललितपुर।**
**फोन नं.: ०१–५०१०००९ (पुल्चोक)**
**इमेल : rental.asset@epf.org.np**



**भीमदत्त नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल।**

**बोलपत्र / दरभाउपत्र संशोधन सम्बन्धी सूचना**

**(प्रकाशित मिति : २०८३।०५।१६)**

सार्वजनिक खरिद अनुगमन कार्यालयको प.सं.सू.प्र. ०८३/८४, च.न. MIT/१८२, मिति २०८३/०५/११ को पत्रबाट e-GP System मा प्रणाली मर्मत सम्भार र सुधार कार्य भइरहेको जानकारी प्राप्त भएकोले २०८३/०५/११ गतेदेखि अर्को सूचना जारी नभएसम्मका लागि उक्त प्रणालीको प्रयोग स्थगन रहेको बोलपत्र सम्बन्धमा सार्वजनिक निकायहरूले हार्डकपी मार्फत बोलपत्र प्रक्रिया अगाडि बढाउन सकिने भन्ने परिपत्र भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी नै छ।

उक्त सम्बन्धमा यस कार्यालयबाट विद्युतीय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** मार्फत आह्वान भई खुल्न बाँकी रहेका तपसिल बमोजिमका बोलपत्र/दरभाउपत्रहरूको हकमा देहाय बमोजिम बोलपत्र/दरभाउपत्र दाखिला/पेश गर्ने मिति, समय र तरिका परिवर्तन गरी परिपत्र बमोजिम यस भीमदत्त नगरपालिकामा सिलबन्दी बोलपत्र/दरभाउपत्र (Hardcopy Bidding) दाखिला/पेश गर्ने व्यवस्था मिलाइएको हुँदा सोही बमोजिम गर्न गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। इच्छुक बोलपत्र/दरभाउपत्र दाताहरूले बोलपत्र/दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित सर्त तथा समयतालिका अनुसार अनिवार्य रूपमा सिलबन्दी हार्डकपी (Hardcopy Bidding) बोलपत्र/दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। संशोधित सूचना तथा बोलपत्र/दरभाउपत्र फाराम कार्यालयको वेबसाइट **http://bheemdattamun.gov.np/** मा समेत उपलब्ध रहेको छ।

तपसिल:

| S. N. | Name of Procurement | IFB no. | Invitation date | E-Gp system मा भएको साविक व्यवस्था | हाल कायम गरिएको Hard Copy bidding को व्यवस्था | बोलपत्र/दरभाउपत्र फाराम दस्तुर | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | Last date of bid submission | Last date of bid submission | | |
| 1 | Supply and Delivery of different types of Medicine & Surgical Items | 7/SQ/MED/2083/084 | 2083/05/03 | 2083/05/15 upto 12:00 PM | 2083/05/23 upto 12:00 PM | रु. १,०००।०० | SQ |
| 2 | Blacktop Road Construction work, Ward no. 16 | 11/SQ/BTR/2083/084 | 2083/05/15 | 23rd Bhadra 2083 At 12:00 PM | 23rd Bhadra 2083 At 12:00 PM | रु. १,०००।०० | SQ |
| 3 | Supply and Installation of Solar Street Light at Ward no. 10 | 10/NCB/MYB/Solar/2083/084 | 2083 Bhadra 11th (27th Aug. 2026) | 2083 Ashoj 1st (17th Sep. 2026) | 2083 Ashoj 1st (17th Sep. 2026) | रु. ३,०००।०० | NCB |

बोलपत्र/दरभाउपत्र दाताले बोलपत्र/दरभाउपत्र फाराम नगर कार्यपालिकाको कार्यालयबाट तोकिएको दस्तुर तिरी खरिद गर्न सक्नेछन्। अथवा कार्यालयको वेबसाइट http://bheemdattamun.gov.np/ बाट डाउनलोड गरी बोलपत्र/दरभाउपत्रको तोकिएको दस्तुर बापत यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, महेन्द्रनगरमा रहेको BHIMDATTA NA.PA. (GA-1-1)-AANTARIK R को नाममा खाता नं. ४१८०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर सहित सिलबन्दी बोलपत्र/दरभाउपत्र पेश गर्न सक्नेछन्।

**नोट:** यो सूचना जारी हुन पूर्व online e-Bid मार्फत बोलपत्र/दरभाउपत्र पेश गरिएका बोलपत्र/दरभाउपत्र दाताहरूले समेत यसै सूचना बमोजिम पुन: हार्डकपी (Hardcopy Bidding) माध्यमबाट बोलपत्र/दरभाउपत्र सम्बन्धी कारबाही गर्नुहुन समेत सम्बन्धित सबैका लागि यसै सूचना मार्फत जाकारी गराइन्छ।



**नेपाल स्टक एक्सचेञ्ज लिमिटेड**
**युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौँ, नेपाल।**

**सुरक्षागार्ड आपूर्ति कार्यको बोलपत्र संशोधनको सूचना**

**सूचना प्रकाशन मिति : २०८३।०५।१६**

नेप्सेको भवन तथा सम्पत्तिको सुरक्षा सम्बन्धी कार्यका लागि नेपाल सरकारको सम्बन्धित निकायबाट इजाजत लिई सामाजिक सुरक्षा कोषमा सूचीकृत भई अद्यावधिक भएका सेवा प्रदायकबाट सुरक्षा गार्ड आपूर्ति कार्य खरिद गर्न मिति २०८३/०४/२८ गते विद्युतीय खरिद प्रणालीमा राष्ट्रिय स्तरको बोलपत्र सूचना आह्वान गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३/०५/११ गतेको विद्युतीय खरिद प्रणाली बन्द रहने सूचना अनुसार देहाय बमोजिम संशोधन गरिएकोले सम्बन्धित सबैका लागि यो बोलपत्र संशोधनको सूचना जारी गरिएको छ।

१. इच्छुक फर्म वा संस्थाले मिति २०८३/०५/३० गते कार्यालय समयभित्र नेप्सेको ग्लोबल आइएमई बैंक लि., कमलादीमा रहेको नेप्से अपरेटिङ एकाउन्ट खाता नं. ०७५०१०१००००७७५ मा बोलपत्र दस्तुर बापत रु. ३,०००।– (फिर्ता नहुने) अनिवार्य जम्मा गरी सोको सक्कल बैंक भौचर, निवेदन, कम्पनी र फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी नेप्से, भद्रकाली, काठमाडौँबाट बोलपत्र सम्बन्धी कागजात प्राप्त गर्नुपर्नेछ।

२. बोलपत्र पेश गर्ने मिति २०८३/०५/१८ बाट मिति २०८३/०५/३१ गते मध्याह्न १२:०० बजे सम्मका लागि थप गरिएको र रीतपूर्वक सिलबन्दी बोलपत्र (हार्डकपी) नेप्से, भद्रकाली, काठमाडौँमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारी गराइन्छ। रीतपूर्वक प्राप्त बोलपत्र सोही दिन १:०० बजे उपस्थित हुन चाहेका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा नेप्सेमा खोलिनेछ।

३. अन्य व्यवस्था बोलपत्र कागजातमा तोकिए बमोजिम हुनेछ।